११
बैठक नं०-४८

बैठक संख्या :

आज मिति २०७६ मंसिर १० गतेका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी माया वाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | यम |
| १० | श्री जानुका थापा मगर | सदस्य | |
| ११ | श्री हिमाली माया वि.क. | सदस्य | |
| १२ | श्री गंगा माया वि.क. | सदस्य | |
| १३ | श्री सुन माया थिङ | सदस्य | सुन |
| १४ | श्री सन्तोष नेपाली | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्य उपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | किशोर कुमार वाइबा | सूचना प्रविधि अधिकृत | |
| २ | भरतजंग थापा | सहायकस्तर पाँचौं | |

निर्णयहरु :

**निर्णय नं. १** - आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ३२३, मिति २०७६।०८।०३ गतेको पत्र अनुसार प्रदेश सशर्त अनुदानका योजनाहरुका विवरण माग भई आएकाले तपशिल बमोजिमको प्रतिबद्धता सहितको विवरण पठाउने निर्णय गरियो ।

**तपशील:**

| क्र.स. | कार्यक्रम/योजना | संचालन हुने स्थान | कूल लागत रु. हजारमा | सम्पन्न हुन लाग्ने समय | लाभान्वित हुने वर्ग, समुदाय र कुल लाभग्राहीको संख्या | वातावरणीय असर |
|---|---|---|---|---|---|---|
| १ | सोला भञ्ज्याङ-बेलबोट-रामपुर सडक योजना बडा नं. ४ | नेत्रकाली र तामाजोर | ४००० | जेष्ठ मसान्त भित्र | बडा नं. ३, ४ र ५ का अधिकांश जनसमुदाय | नपर्ने |
| २ | सिम्ले-भ्वासे-पटवास-बुक्ति सडक वडा नं. १ | अमले | ३००० | जेष्ठ मसान्त भित्र | बडा नं. १ का अधिकांश जनसमुदाय | नपर्ने |
| ३ | तामाजोर-गोठडाँडा सडक वडा नं. ३ र ४ | तामाजोर र नेत्रकाली | ३००० | जेष्ठ मसान्त भित्र | बडा नं. ३ र ४ का अधिकांश जनसमुदाय | नपर्ने |

**निर्णय नं. २** - घ्याङलेख गाउँपालिकाको शिक्षा समितिको कार्तिक १९ गतेको बैठकबाट निर्णय भई सिफारिस भए बमोजिम यस गाउँपालिका वडा नं. ५ स्थित श्री नेत्रकाली मा.बि. आँपडाँडामा कार्यरत शिक्षक श्री बुद्धिनाथ आचार्यलाई यस गाउँपालिकाको शिक्षा शाखा हेर्ने कर्मचारीको व्यवस्था नभएसम्मका लागि मासिक रु. ६०००।- अतिरिक्त प्रोत्साहन भत्ता दिने गरी शिक्षा शाखासँग सम्बन्धित कामकाज गर्ने गरी फोकल पर्सन तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३** - यस गाउँपालिकामा कार्यरत सि.अ.हे.ब. (अधिकृत छैठौं) श्री महेन्द्र यादवलाई गाउँ कार्यपालिका कार्यालयको स्वास्थ्य शाखामा पदस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** - यस गाउँपालिकाको वडा नं. ४ स्थित श्री नेत्रकाली महाभारत सामुदायिक ग्रामिण विद्युत सहकारी संस्था लिमिटेड सिन्धुलीको मिति २०७६।०६।२९ मा यस कार्यलयमा प्राप्त निवेदन मार्फत सामुदायिक ग्रामिण विद्युतीकरणका लागि सम्झौता पूर्व जम्मा गर्नु पर्ने १० प्रतिशत डिपोजिट माग भई आएकाले सो सम्बन्धमा आवश्यक निर्णयका लागि आगामि गाउँ-सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

जगत बहादुर मोक्तान
अध्यक्ष

सन्तोष नेपाली
प्रमुख प्रशासकीय अधिकृत